आज मिति २०८२।०४।०५ गते नलगाड नगरपालिकाका नगर प्रमुख श्री डम्बर बहादुर रावत ज्यूको अध्यक्षतामा नलगाड नगरपालिकाको ५५ औ नगर कार्यपालिकाको बैठक बसी तपसिलमा बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र स | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डम्बर बहादुर रावत | नगर प्रमुख | | |
| २ | श्री देवका लामिछाने | नगर उपप्रमुख | | |
| ३ | श्री शेर बहादुर पुन | प्रमुख प्रशासकीय अधिकृत | | |
| ४ | श्री धन बहादुर महर | वडा नं १ वडा अध्यक्ष | | |
| ५ | श्री पुर्ण बहादुर खत्री | वडा नं २ वडा अध्यक्ष | | |
| ६ | श्री कौशी बहादुर विष्ट | वडा नं ३ वडा अध्यक्ष | | |
| ७ | श्री बद्री बहादुर पन्त | वडा नं ४ वडा अध्यक्ष | | |
| ८ | श्री ओमराज वली | वडा नं ५ वडा अध्यक्ष | | |
| ९ | श्री विरेन्द्र खड्का | वडा नं ६ वडा अध्यक्ष | | |
| १० | श्री कृष्ण बहादुर गिरी | वडा नं ७ वडा अध्यक्ष | | |
| ११ | श्री तेज बहादुर सिंह | वडा नं ८ वडा अध्यक्ष | | |
| १२ | श्री भविन्द्र बहादुर सिंह | वडा नं ९ वडा अध्यक्ष | | |
| १३ | श्री अनिता रोकाया | वडा नं १० वडा अध्यक्ष | | |
| १४ | श्री लाल बहादुर बाँनिया | वडा नं ११ वडा अध्यक्ष | | |
| १५ | श्री मोहन बहादुर खत्री | वडा नं १२ वडा अध्यक्ष | | |
| १६ | श्री सेतु गिरी | वडा नं १३ वडा अध्यक्ष | | |
| १७ | श्री कुमारी वि क | कार्यपालिका सदस्य | | |
| १८ | श्री खिमा कुमारी शर्मा | कार्यपालिका सदस्य | | |
| १९ | श्री मनमाया घर्ती | कार्यपालिका सदस्य | | |
| २० | श्री सिलाकुमारी कामी | कार्यपालिका सदस्य | | |
| २१ | श्री सरिताकुमारी शाही | कार्यपालिका सदस्य | | |
| २२ | श्री कलिभाने नेपाली | कार्यपालिका सदस्य | | |
| २३ | श्री सरीता वादी | कार्यपालिका सदस्य | | |
| २४ | श्री सर्वजित वि क | कार्यपालिका सदस्य | | |
| २५ | श्री किरण थापा | राजश्व शाखा प्रमुख | | आमन्त्रित |
| २६ | | | | |
| | | | | |
| | | | | |

CS CamScanner

## मिति:-२०८२।०४।०५ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १ यस नलगाड नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ मा सम्पादन भएका विभिन्न योजना/कार्यक्रमहरुको कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो साथै उक्त योजना तथा कार्यक्रमहरुको बार्षिक समिक्षा बैठक मिति २०८२।०५।६ गते नलगाड नगरपालिकाको सभाहल दल्ली जाजरकोटमा बिहान १० बजे देखी संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं २ यस नलगाड नगरपालिका मार्फत आर्थिक बर्ष २०८१।०८२ को असार मसान्तसम्म निर्माण सम्पन्न हुने गरि सम्झौता भई म्याद थप भएका आयोजनाहरुको भौगोलिक विकटता, विनासकारी भुकम्प, बजेट निकासा लगायतका समस्याका कारण समयमै सम्पन्न हुन नसकेका विभिन्न ठेक्काहरुको सम्बन्धमा निर्णय गर्नाको लागि २०८२ श्रावन महिनाभित्र उक्त ठेक्काहरुको विस्तृत विवरण खुल्ने गरी प्राविधिक प्रतिवेदन प्राप्त गर्न पूर्वाधार विकास शाखालाई कायदिश दिने निर्णय गरियो ।

निर्णय नं ३ यस नलगाड नगरपालिकामा पाँचतारा यूवा संरक्षक मञ्च जाजरकोट अन्तरगत **Handicap International** संगको साझेदारीमा संचालित पहुँच बृद्धि परियोजना र CBM Global को आर्थिक सहयोगमा कर्णाली भुकम्प पुनर्लाभ जिविकोपार्जन परियोजना मार्फत सयुक्त रुपमा निर्माण भएको स्थानीय विपद् तथा जलवायू उत्थानशिल कार्यढाँचा, २०८२ आवश्यक संशोधन सहित अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ४ यस नलगाड नगरपालिका अन्तरगत रहेको नलगाड नगर अस्पतालको संचालन तथा व्यवस्थापनमा प्रभावकारीता वढाउन तथा समग्र सुधार गर्नाको लागि अस्पताल संचालन तथा व्यवस्थापन समितिलाई कायदिश दिने र कार्यान्वयनमा रहने उक्त व्यहोरालाई आगामी कार्यपालिका वैठकबाट अनुमोदन गराउने निर्णय गरियो ।

निर्णय नं ५ यस नलगाड नगरपालिकाको आर्थिक बर्ष २०८१।०८२ मा बिनियोजित रकमबाट आर्थिक बर्षको अन्तिमसम्म बजेट अपुगका कारण भुक्तानी दिन बाँकि रहेका तपसिल बमोजिमका चालु र पुँजिगत खर्च बाट भुक्तानी लिन बाँकि योजना तथा कार्यक्रमहरु आर्थिक बर्ष २०८२।०८३ मा भुक्तानी दिने सर्वसम्मत निर्णय पारित गरियो ।

देहाय:

इन्दर बहादुर रावत
नगर प्रमुख

२०८२।०४।०५
शेर बहादुर पुन
प्रमुख प्रशासकीय अधिकृत